**यस सम्झौताका पक्षहरु निम्नलिखित शर्तहरु पालना गर्न मञ्जुर छन्:**

१. प्रचलित धितोपत्र ऐन, नियम, विनियम, कार्यविधि तथा नेपाल राष्ट्र बैंक, बिमा समिति, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड लगायतका नियमक निकायले समय-समयमा जारी गरेका निर्देशिका, परिपत्र र निर्देशन यसै सम्झौतामा उल्लेख भए सरह मानी सम्झौताका पक्षहरुले सोका पालना गर्न मञ्जुर गर्दछन् ।

२. ग्राहक ले यस सम्झौता गर्दाको वखत वा यस भन्दा अघि सनीलाई दिएको सूचना, ग्राहक परिचय विवरण (KYC) मा भरेको विवरणमा कुनै फेरबदल भए, फेरबदल भएको ७ कार्य दिनभित्र सनीलाई जानकारी दिई आफ्नो पहिचान तथा खाताका विवरणहरु अद्यावधिक गराउन मञ्जुर गर्दछ ।

३. ग्राहक  धितोपत्रको कारोबार गर्न कानून बमोजिम अयोग्य ठहरिने कुनै अवस्था उत्पन्न भई कारवाहीमा परेमा, आर्थिक रुपमा टाट पल्टिएमा, विघटनमा गएमा, दामासाहीमा परेमा वा कर्जा सूचना केन्द्रको कालो सूचीमा परेमा वा अन्य कुनै कारणले कानूनत आर्थिक कारोबार गर्न असमर्थ भएमा सनीलाई तुरुन्त जानकारी दिन मञ्जुर गर्दछ ।

४. ग्राहक ले यस सम्झौतामा उल्लेख गरको वा ग्राहक परिचय विवरण (KYC) मा उल्लेख भएको ईमेल ठेगाना वा मोबाईल नम्बरमा ग्राहक ले प्रयोग गर्ने युजरनेम तथा पासवर्ड सनीले उपलब्ध गराउने छ । सनीले उपलव्ध गराएको वा सो पश्चात् ग्राहक ले परिवर्तन गरेको युजरनेम वा पासवर्डको गोपनीयता कायम गर्ने र नियन्त्रणमा राख्ने दायित्व ग्राहकको हुनेछ ।

५. ग्राहक ले विक्रि कारोबार गर्दा मोज्दातमा धितोपत्र रहेको वा रहने कुनै एक हितग्राही खाता सनीलाई उपलब्ध गराउने छ । र उक्त खाता अन्य धितोपत्र कारोवार सदस्यलाई दिईने छैन । यदि एउटै खाता अन्य धितोपत्र कारोबारहरुको दायित्व बहन गर्ने तथा सो को समयमा राफसाफ गर्ने जिम्मेवारी ग्राहक को हुनेछ ।

६. ग्राहक लाई दिइएको युजरनेमबाट भए गरेको सम्पूर्ण कारोबारहरुको दायित्व वहन गर्ने तथा सो को समयमा राफसाफ गर्ने जिम्मेवारी ग्राहक को हुनेछ ।

७. ग्राहक लाई प्रदान गरिएको युजरनेमको प्रयोग गरी सिर्जना हुने दायित्व तथा सम्झौतारत पक्ष र नेप्से समेतको सम्पत्तिमा कुनै हानी नोक्सानी भएमा सो प्रति ग्राहक  जिम्मेवार हुनेछ ।

८. ग्राहक ले आफ्नो युजरनेम प्रयोग गरी वा सनीलाई आदेश दिई विक्रि भएका धितोपत्रहरुको निर्देशन पूर्जी जारी गर्नुपर्ने दायित्व ग्राहक को हुनेछ । यसरी बिक्रि भएको धितोपत्रको हस्तान्तरण ग्राहक ले टि+1 को १२ बजे भित्र सनीको राफसाफ खातामा जम्मा गर्न नसकी उक्त कारोबारको राफसाफ हुन नसकेमा सो वाट सिर्जित सम्पूर्ण दायित्व ग्राहक ले वहन गर्नुपर्नेछ ।

९. ग्राहक ले धितोपत्र विक्रि गरिसकेपछि सो धितोपत्रको आधार मूल्य सनीलाई राफसाफ समयको १ (एक) दिन पूर्व नै उपलब्ध गराउनु पर्नेछ । आधार मूल्य समयमा उपलब्ध नगराएमा, फर्जी वा गलत आधार मूल्यका कारण उत्पन्न हुने कानुनी तथा आर्थिक दायित्व वा हानी नोक्सानी ग्राहक ले व्यहोर्नु पर्नेछ ।

१०. ग्राहक ले विक्रि गरेको धितोपत्रको कारोबारमा लाग्ने कर, शुल्क, दस्तुर तथा अन्य प्रणालीगत शुल्कहरु तथा सनीले धितोपत्र खरिद विक्रि सम्बन्धमा थप सुविधा प्रदान गरेमा लाग्ने थप स्वीकृत दस्तुर कट्टा गरी बाँकी रकम मात्र सनीले ग्राहक लाई भुक्तानी गर्नेछ ।

११. ग्राहक ले खरीद आदेश प्रणालीमा प्रविष्ट गर्दा सनीले तोकेको कारोबार लिमिटको सीमाभित्र रही गर्नु पर्नेछ । ग्राहक ले सनीलाई अग्रिम रुपमा बुझाएको रकम बराबर लिमिट प्राप्त गर्न सक्नेछ ।

१२. ग्राहक ले कारोबार सीमाका सनीलाई बुझाउने सबै किसिमका भुक्तानी चेक वा अन्य विद्युतीय माध्यमबाट गर्नुपर्नेछ ।

१३. ग्राहक ले कारोबार प्रयोजनका लागि सनीलाई उपलब्ध गराएको रकम तथा धितोपत्र कारोबार राफसाफ प्रयोजनमा मात्र प्रयोग गर्नुपर्नेछ ।

१४. दुवै पक्षको आपसी सहमतिमा ग्राहक ले सनीलाई यस्तो कारोबार सीमाकोलागि आवश्यक अग्रिम भुक्तानी बैंक ग्यारेन्टी तथा कारोबार योग्य धितोपत्रहरुको माध्यमबाट पनि गर्न सक्नेछ । यस्तो धरौटी ग्राहक ले आफ्नो दायित्व समयमा भुक्तानी नगरेमा सनीले ग्राहक लाई जानकारी दिई नगदमा परिणत गर्न सक्ने छ ।

१५. कारोबार सीमा गणना प्रयोजनको लागि कारोबार योग्य धितोपत्रको मुल्याङ्कन बजार मूल्यको बढीमा ७० प्रतिशत सम्म गर्न सकिने छ । धितोपत्र तथा धितोपत्र बजारमा हुने सम्भावित जोखिमलाई मध्यनजर गरी सनीले ग्राहक लाई उपलब्ध गराएको कारोबार सिमा ग्राहक लाई जानकारी गराई फेरबदल गर्न सक्नेछ ।

१६. खरिद कारोबारपछि बाँकी रहेको रकम खरीद बिल बमोजिम ग्राहक ले टि+२ भित्रमा सनीको खातामा जम्मा हुने गरी सनीलाई उपलब्ध गराउनु पर्नेछ । यसरी रकम उपलब्ध गराउँदा अग्रिम भुक्तानी रकममा उपलब्ध गराएको भए सो रकम समायोजन गर्ने सुविधा ग्राहक लाई हुनेछ ।

१७. खरिद कारोबार पश्चात ग्राहक ले राफसाफ समय भित्रमा आफुनो दायित्व पुरा नगरेमा टि+४ मा सनीले ग्राहक लाई जानकारी गराई ग्राहक कै नाममा खरीद गरिएको तथा जमानतमा लिईएको धितोपत्र विक्रि जमानतबाट रकम र सो को लागत वापतको सोधभर्ना र नपुग रकम कानून बमोजिम असुल उपर गरि लिन सक्नेछ ।

१८. ग्राहकको धितोपत्र विक्री गरि सनीको लेना रकम असुल उपर गरी रकम बाँकी रहेमा ग्राहक को अग्रिम भुक्तानी सम्मको रकम ग्राहक लाई फिर्ता गरी थप रकम बाँकी रहन गए धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ मा तोकिए बमोजिम हुनेछ ।

१९. ग्राहक ले खरीद गरेको धितोपत्र खरिदबाट सिर्जित दायित्वहरु पुरा गरेपछि वा कारोबारको राफसाफको दिन मध्ये जुन पछि हुन्छ सो को भोलिपल्ट ग्राहकको निक्षेप खातामा सनीले धितोपत्र हस्तान्तरण गर्नुपर्नेछ ।

२० ग्राहक को नामबाट कारोबार भए पश्चात् ग्राहक को मृत्यु भएमा, दामासाहीमा परेमा, मगज विग्रिएमा वा अन्य कुनै कारणबाट ग्राहक को नामबाट भएका कारोबारको राफसाफ हुन नसक्ने स्थिति सिर्जना भएमा उक्त कारोबारको राफसाफको जिम्मेवारी निज वा निजको कानूनी उत्तराधिकारीको हुनेछ । कानूनी उत्तराधिकारीबाट पनि राफसाफ हुन नसकेमा प्रचलित कानुन बमोजिम हुनेछ ।

२१. नियामक निकायहरुबाट कारोबारहरु रद्द गर्ने आदेश प्राप्त भएमा सो कारोबारहरु स्वतः रद्द हुनेछन् । सो को दायित्व सनीले वहन गर्ने छैन ।

२२. ग्राहक नाबालक वा कानूनतः पक्षको रुपमा करार गर्न अयोग्य देखिएमा निजको संरक्षक वा प्रतिनिधिले यो सम्झौता गर्न सक्नेछ ।

२३. सनीको काबु बाहिरको परिस्थितिको कारणबाट उत्पन्न हुने कुनै पनि दायिन्वमा सनी जिम्मेवार हुने छैन ।

२४. ग्राहक ले आफ्नो कारावारको निम्ति आदेश दिन लिखित मञ्जुरी दिई प्रतिनिधि नियुक्ति गर्न सक्ने छ यो प्रतिनिधिबाट भएका सम्पुर्ण कारोबारहरु निज ग्राहक ले नै गरेसरह मान्य हुनेछ ।

२५. धितोपत्रको कारोबार गर्दा धितोपत्रमा गरिने लगानीमा निहित रहेको जोखिम तथा प्रणालीगत जोखिमका बारेमा ग्राहक जानकार रहेको मानिनेछ र सो जोखिमबाट सिर्जित हुने हानी नोक्सानी प्रति ग्राहक नै जिम्मेवार रहने छ ।

२६. सनीले उल्लिखित माध्यमबाट आएका आदेशहरुलाई मात्र वैधानिक मान्यता दिई प्राथमिकताका आधारमा कारोबार प्रणालीमा आदेश प्रविष्टि गर्नेछ । नियम अनुसार उक्त आदेशहरुको सुरक्षित रेकर्डिङ्ग तथा भण्डारण सनीले गर्न सक्नेछ ।

२७. ग्राहक को मार्जिन कारोबार सुविधा उपयोग गर्ने भएमा सो सम्बन्धी सर्त तथा सुविधाहरु सम्बन्धित नियममा तोकिए बमोजिम हुनेछ ।

२८. ग्राहक ले धितोपत्र कारोबार गर्दा उक्त धितोपत्र कारोबार गर्दा उक्त धितोपत्र कारोबार गर्न प्रचलित कानून बमोजिम आफु योग्य रहेको र सो धितोपत्रमा आफुले कानून बमोजिम धारण गर्न सक्ने सीमा भित्र रहि खरिद आदेश प्रविष्ट गर्नु पर्ने छ । सो नगरेबाट सिर्जित परिणाम तथा दायित्व ग्राहक को हुनेछ ।

२९. प्रचलित नीति नियममा उल्लेख भए अनुसार वा सम्बन्धित निकायहरुबाट धितोपत्रको कारोबारको श्रोतको जानकारी गराउन आवश्यक रहेमा उक्त जानकारी कारोबार राफसाफ समयावधिभित्र सनीलाई बुझाउन दोस्रोपक्ष मञ्जुर गर्दछ । ग्राहक ले प्रचलित कानुन बमोजिम अवैधानिक नठहरीने रकमहरु मात्र धितोपत्रमा लगानी गर्नुपर्ने छ ।

३०. पक्षहरुबिच आपसी सहमतिमा एक महिनाको अग्रिम सूचना दिई यो सम्झौता रद्द गर्न सकिनेछ । सम्झौता रद्द गर्नु पूर्व पक्षहरुले आ-आफ्नो दायित्व पुरा गरेको हुनु पर्नेछ ।

३१. प्रचलित कानून बमोजिम सनीले व्यवसाय सञ्चालनका लागि प्राप्त गरेको ईजाजत, अनुमतिपत्र, सदस्यता खारेज भई कारोबार गर्न अयोग्य भएमा यो सम्झौता स्वतः खारेज हुनेछ । यसरी सम्झौता खारेज भए पनि बाँकी बक्यौता फछ्र्यौट गर्नुपर्ने दायित्व दुवै पक्षको हुनेछ ।

३२. यस सम्झौताअनुसार सनीले दिने अथवा आवश्यक हुने कुनै पनि जनाउ वा सञ्चार तोकिएको माध्यमबाट ग्राहक को अद्यावधिक ठेगाना पठाए पश्चात् ग्राहक ले जानकारी पाए सरह हुनेछ ।

३३. सम्झौताका दुवै पक्षहरुले नेप्से अनलाईन कारोबार प्रणालीमा क्षति पुऱ्याउने कुनै पनि कार्य गर्ने छैनन् ।

३४. सनीले प्रचलित कानूनमा उल्लेख भएको अवस्थामा बाहेक ग्राहक को गोपनीयता कायम गर्नेछ ।

३५. पक्षहरुका बीचमा उत्पन्न हुनसक्ने विवाद तथा मतभिन्नताहरुको समाधान सकेसम्म आपसी सहमतिमा निराकरण गरिनेछ । आपसी सहमतीबाट समाधान गर्न नसकेमा धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ मा तोकिए वमोजिम हुनेछ ।

३६. ग्राहक ले देहायका सुविधा उपयोग गरे बापत तोकिएको शुल्क तिर्न मञ्जुर गर्दछ ।

- अनलाईन कारोबार सुविधा
- एसएमएस सुविधा
- हितग्राही र मेरो शेयर

३७. यो सम्झौतामा उल्लेख तथा व्याख्या नभएका विषय प्रचलित नेपाल कानूनद्वारा नियमन तथा व्याख्या हुनेछ ।

३८. यो सम्झौता दुबै पक्षले हस्ताक्षर गरेको मितिबाट दुवै पक्षको सहमतीबाट सम्झौता पुनःनविकरण हुन सक्नेछ ।